# सामाजिक सुधार तथा खर्च मितव्ययिता सम्वन्धी कार्यविधि- २०७६

स्वीकृत मिति : २०७६।०३।११

१. प्रस्तावनाः

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित समाजिक सुधार तथा खर्च मितव्ययिता सम्वन्धी कार्यविधि २०७६ स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१

प्रारम्भि

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम शे-फोक्सुण्डो गाउँपालिकाको सामाजिक सुधार तथा खर्च मितव्ययीता कार्यविधि २०७६ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाष : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “ गाउँपालिका ” शे-फोक्सुण्डो गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) “योजना” भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

(झ) “वडा” भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) “सदस्य” भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

(ठ) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ड) “सरकारी संस्था” भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ

(ढ)“गै.स.स” भन्नाले समाज कल्याण ऐन अन्र्तगत दर्ता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ

३.सामाजिक सुधारका क्षेत्र भन्नाले : स्थानिय स्तरको चाड पर्व उत्सव, महोत्सव, लगाएत विभिन्न समुहमा केन्द्रीत भई सामुहीक रुपमा गरिने विभिन्न सामाजिक क्रियाकलापलाई जनाउदछ ।

४.खर्च मितव्ययिता भन्नाले : स्थानिय स्तरको चाड पर्व उत्सव, महोत्सव, लगाएत विभिन्न समुहमा केन्द्रीत भई सामुहीक रुपमा गरिने विभिन्न सामाजिक क्रियाकलापमा गरिने भोज, भतेर, स्वागत, मायाँको, चिनो, आदी को अनावश्यक तडक भडक को खर्च कटौति तथा सिमिततालाई जनाउदछ ।

५. सरकारी तथा गै.स., निजि क्षेत्रले. सामाजिक सुधारको लागि यस गाउँपालिका क्षेत्रमा पालना गर्नुपर्ने नियमहरु : सामाजिक क्रियाकलाप संचालन गर्दा देहायका नियम पालना गर्नुपर्नेछ ।

१. कुनैपनि सभा समारोह र औपचारीक कार्यक्रम गर्दा, सम्वन्धीत सरोकार व्यक्तिहरुलाई कार्यक्रमको पुर्व जानकारी गराउनुपर्नेछ ।

२. उद्घोषक वा कार्यक्रम सञ्चालकले शुरुमा आशन ग्रहण गर्दा मर्यादाक्रम अनुसार परिचयात्मक विवरण खुल्ने गरी सम्वोधन गर्ने र पछिल्लो वक्ताहरुले सभा अध्यक्षलाई मात्र सम्वोधन गरेर आफ्नो कुरा प्रस्तुत गर्नुपर्नेछ ।

३. एउटै क्षेत्र र पक्षका एक वक्ताले मात्र, अर्को वक्ताको कुरा नदोहोराई आफ्नो भनाई राख्नुपर्नेछ ।

४. भाषण र वक्तव्य सकेसम्म लिखित वाचन गर्ने र छोटो र शिष्ट भाषमा हुनुपनुपर्नेछ ।

५. जुन विषयको कार्यक्रम हो त्यही विषयमा मात्र केन्द्रीत रहेर आफ्नो भनाई प्रस्तुत गर्नु पर्नेछ ।

६. निर्धारित समयमानै कार्यक्रम शुरु गरी अन्त्य गर्नुपर्ने छ ।

७. कार्यक्रममा अविर र रङको प्रयोग लाई निषेध गर्नुपर्ने ।

८. कार्यक्रममा स्थानिय घरेलु उत्पादनबाट निर्मित वस्तुहरु मात्र प्रयोग गर्नुपर्ने छ । वाहिरवाट आयत भएको वस्तुहरुको सट्टा स्थानिय फुलमाला, लगाएत कपडाहरु मात्र प्रयोग गर्नुपर्नेछ ।

९. मायाँको चिनो उपाहारहरु स्थानिय उत्पादनका वस्तुहरु प्रयोग गर्नुपर्नेछ ।

१०. चिया, खाजा, खाँदा प्रयोगहुने गिलाँस तथा प्लेटहरु वातावरण मैत्री हुनुपर्नेछ ।

११. कार्यक्रम सकेपछी सवै फोहोर मैलाको व्यवस्थापन गरी सरसफाई आयोजकले गर्नुपर्नेछ १२. कार्यक्रम गर्दा स्थानिय मौलिकता र राष्ट्रियता झल्कने मञ्च तथा भेषभुषाहरु हुनुपर्नेछ ।

१३. कार्यालय समयभित्र र औपचारीक कार्यक्रमहरुमा जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचरी, शिक्षक सवैले अनिवार्य गाउँपालिकाको लोगो र परिचयपत्रको व्याज लगाउनुपर्नेछ ।

६. सामाजिक सुधार तथा खर्च मितव्ययीता कायम गर्न कार्यालयको जिम्मेवारी :

❖ कार्यालयको लोगो डिजाईन गरी उपलब्ध गराउने ।

- ❖ कार्यालयको स्थानिय गान स्वीकृत गरी प्रयोगमा ल्याउने ।
- ❖ खर्च मित व्ययितामा प्रचार प्रसार अर्न्तक्रियामा जोड दिने ।
- ❖ दुना टपरी लगाएत विभिन्न स्थानिय सामाग्री पुवा, उन, आदी बाट वनेका मौलिकता झल्कने उपाहार र खादा फुलको माला उत्पादन गर्न प्रोत्साहित गर्ने ।
- ❖ अनुगमन सुपरिवेक्षणमा जोड दिने ।

७. दण्ड सजाय : कार्या विधिको दफा ५ मा उल्लेखित नियमको उल्लंघन गरेमा सम्वन्धीत, व्यक्ति, सस्था, पदाधिकारी लाई अन्य कानुनमा उल्लेखित आचारणमा भएको व्यवस्था वमोजिम सो नभए कार्यपालिका निर्णय अनुसार तपशिल वमोजिम कुनै १ वा सो भन्दा वढी वा सवै कारवाही गर्न सकिनेछ ।

१. लिखित स्पष्टीकरण माग गर्ने ।

२. सचेत गराउने ।

३. गाउँपालिका वडा वाट प्रदान गर्ने सवै सेवा रोक्का गर्ने ।

४. तोकिए अनुसार आर्थिक दण्ड गर्ने ।

५. अन्य कार्यपालिकाको निर्णय अनुसारको कारवाही गर्ने ।

८. कार्यविधि लागु : १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

९. कार्यविधिमा परिर्माजन तथा शंशोधन : यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

१०. खारेजी : यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुन संग वाझियमा वा वाझियको हद सम्म अमान्य हुनेछ ।